**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

पश्चिम बंगाल सरकारले नागरिकता संशोधन अधिनियम अन्तर्गत अवैध बंगलादेशी घुसपैठीहरूलाई तत्काल देशबाट निकाल्ने कारबाही सुरु गर्ने घोषणा गरेको छ।

पश्चिम बंगाल सरकारले भारत-बंगलादेश सीमामा काँडेतारको बार लगाउन सीमा सुरक्षा बललाई ज़मीन हस्तान्तरण गर्न थालेको छ।

पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लाको फाल्ता विधानसभा सीटमा पुनः मतदान जारी छ।

रेल विभागले बागडोगरामा रेलवेको जमीनमा अवैध रूपमा बसोबास गर्ने मानिसहरूलाई कडा चेतावनी दिँदै चाँडै अतिक्रमण गरेको भूमि खाली गर्न भनेको छ।

आज अन्तर्राष्ट्रिय चिया दिवस मनाइँदैछ।

**पश्चिम बंगाल-सी.ए.ए**

पश्चिम बंगालमा, मुख्यमंत्री शुभेंदु अधिकारीले नागरिकता (संशोधन) अधिनियम- सी.ए.ए. अन्तर्गत अवैध बांग्लादेशी घुसपैठिहरुलाई देशबाट निकालने प्रक्रिया त्वरित शुरू गर्ने घोषणा गर्नु भएको छ । सीमामा काडे तार लगाउनको लागि सीमा सुरक्षा बललाई ज़मीन प्रदान गर्ने एक समारोह अवधि नाबन्नामा उहाँले भन्नु भयो अब घुसपैठिहरुलाई सोझै सीमा सुरक्षा बललाई सोम्पिने छ अनि उनीहरुलाई देशबाट निकालनको लागि बी.डी.आर सित तैयारी गरिने छ । उहाँले यस नयाँ पद्धतिलाई 'पहचानो, हटाओ और देश से निकालो' बताउनु भयो। मुख्यमंत्रीले केंद्रीय गृह मंत्रालयले 14 मई, 2025 मा दिशा-निर्देश जारी गरेको बताउनु हुदै, राज्यमा घुसपैठिहरुको पहिचान गर्ने अनि उनीहरुलाई सीमा सुरक्षा बललाई हस्तान्तरण गर्ने निर्देश दिएको थियो। उहाँले आरोप लगाउनु भयो पछिलो तृणमूल कांग्रेस सरकार यी निर्देशहरु लागू गर्नमा नाकाम रहेको थियो। श्री अधिकारीले स्पष्ट पर्नु भयो 31 दिसंबर, 2024 अघि भारत आएका सात समुदायको सदस्यहरु विरुद्ध कुनै कार्रवाई गरिने छैन।

**पश्चिम बंगाल-बीएसएफ-जमीन**

पश्चिम बंगाल सरकारले भारत–बंगलादेश सीमामा तारबार लगाउन सीमा सुरक्षा बल (बीएसएफ) लाई जमिन हस्तान्तरण गर्ने प्रक्रिया शुरु गरेको छ। हिजो नबन्नामा बीएसएफका अधिकारीहरूको उपस्थितिमा मुख्यमन्त्री सुवेन्दु अधिकारीले औपचारिक रूपमा यो प्रक्रियाको शुभारम्भ गर्नुभयो।

***मुख्यमन्त्रीले अघिल्लो सरकारले सीमा सुरक्षामा अवरोध गरेको आरोप लगाउनुभयो । घुसपैठ, तस्करी, नक्कली नोट, जबर्जस्ती धर्म परिवर्तन र अवैध बंगलादेशी घुसपैठलाई रोक्न सीमामा तारबार आवश्यक रहेको उहाँले बताउनु भयो। भारत–बंगलादेश सीमा पश्चिम बंगालमा करिब २ हजार २ सय किलोमिटर रहेको छ । त्यसमध्ये करिब १ हजार ६ सय किलोमिटर तारबार लगाइएको छ भने ६०० किलोमिटर अझै खुला छ । हिजो हस्तान्तरण गरिएको २७ किलोमिटर जमिनमध्ये १८ किलोमिटर तारबार र ९ किलोमिटर सीमा सुरक्षा बल र पूर्वाधारका लागि हो । थप जमिन चाँडै हस्तान्तरण गरिने मुख्यमन्त्रीले आश्वासन दिनु भयो, जसको सम्पूर्ण लागत केन्द्र सरकार र बीएसएफले संयुक्त रूपमा बेहोर्नेछ। सीमा क्षेत्रमा जिल्ला प्रशासन, सामाजिक सुरक्षा बल, राज्य पुलिस र सीमा शुल्क एजेंसिहरुको नियमित समन्वय बैठक पुनः सञ्चालन भएको मुख्यमन्त्रीले जानकारी दिनु भयो । सीमा सुरक्षा बलका महानिर्देशक प्रवीण कुमारले सीमा सुरक्षा अभियानमा लामो समयदेखि आवश्यक रहेको सहयोग अब प्राप्त भइरहेको बताउनु भयो।.***

**मुख्यमंत्री हेल्पलाइन**

मुख्यमंत्री सुभेन्दु अधिकारीले राज्यका जनताको सेवालाई थप बलियो पार्न मोबाइल सहायता नम्बर शुरू गर्नु भएकोछ। उहाँलाई जनताले आफ्नो समस्या या गुनासो अथवा कुनै शिकायत मोबाइल नम्बर 9137091370 मा पठाउन सक्ने छन्। जनतासित सोझै सम्पर्क कायम गर्न, सेवा गर्न र राज्यको विकासलाई गति दिन उहाँले यो सहायता नम्बर जारी गर्नु भएको हो। यसरी नै राज्यमा महिलाहरूको सुरक्षालाई झन बलियो बनाउन महिला सहायता नम्बर 181 शुरू गर्नु भएकोछ। यसरी नै राज्य सचिवालय नियंत्रण कक्षको फोन नम्बर 033-22143526 र 1070 शुरू गर्नु भएको छ।

**फालता -पुनः मतदान**

पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लाको फालता विधानसभा सीटमा पुनः मतदान जारी छ। मतदान बिहान 7 बजे सुरु भयो र यो साँझ 6 बजे सम्म चल्नेछ। फलता विधानसभा सीटमा भइ रहेको पुनः मतदानमा दुइ निर्दलीय उम्मीदवार सहित कुल छ उम्मीदवार मैदानमा रहेका छन्। तृणमूल कांग्रेस उम्मीदवार जहांगीर खानले चुनाव नलड़ने घोषणा गरेका छन्। यद्धपि नाम वापस लिने समय सीमा समाप्त भइ सकेको थियो जसको कारण उनको नाम मतपत्रमा औपचारिक रूपमा रहेको छ। चुनाव आयोगले शांतिपूर्ण मतदान सुनिश्चित गर्न सबै तैयारि गरेको छ। सबै 285 मतदान केंद्रमा वेबकास्टिंगको सुविधा उपलब्ध छ। फलता विधानसभा सीटमा कुल मतदाताहरुको संख्या दुइ लाख छत्तीस हजार भन्दा अधिक रहेको छ।भाजपाका उम्मीदवार देबांशु पांडा रहेका छन्। कांग्रेसले अब्दुर रज्जाक मोल्ला अनि सी.पी.आई.एम ले शंभू नाथ कुर्मीलाई उम्मीदवार बनाएको छ।

**पश्चिम बंगाल - मीडिया प्रतिबंध**

पश्चिम बंगाल सरकारले सरकारी कर्मचारिहरु द्वारा मीडियामा बयान तथा सूचना दिने संबंधमा कडा निर्देश जारी गरेको छ। मुख्य सचिवको परिपत्र सबै विभाग, जिल्ला प्रशासन तथा पुलिस प्रशासलाई पठाइएको छ। निर्देश अनुसार, अखिल भारतीय सेवा, राज्य प्रशासनिक सेवा, पुलिस सेवा तथा अन्य सरकारी कर्मचारिहरुलाई सरकारको पूर्व अनुमति बिना कुनिया पनि मीडिया कार्यक्रममा भाग लिन अनुमति हुने छैन। प्रेसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै पनि दस्तावेज वा सूचना जारी गर्नमा पनि प्रतिबंध लगाएको छ।

**भूमि अतिक्रमण**

बागडोगरामा रेलवेको जमीनमा अवैध रूपमा बसोबास गर्ने मानिसहरूलाई रेल विभागले कडा चेतावनी दिएको छ।रेलवे प्रशासनले स्पष्ट रूपमा भनेको छ कि अतिक्रमण गर्ने व्यक्तिहरूले सकेसम्म चाँडो त्यो ठाउँ खाली गर्नुपर्छ, अन्यथा उनीहरूमाथि कानुनी कारबाही गरिनेछ।सुत्रहरु अनुसार रेलवे विभागले आगामी दिनमा ठूलो अतिक्रमण हटाउने अभियान सुरु गर्न सक्छ। यो चेतावनीपछि, क्षेत्रमा अशान्ति र चिन्ताको वातावरण छ।

**अंतर्राष्ट्रीय चाय दिवस**

आज अन्तर्राष्ट्रिय चिया दिवस मनाइँदैछ। यो दिवस राष्ट्र संघको खाद्य तथा कृषि संगठन -एफएओ द्वारा द्वारा मनाइने गरिन्छ। यस वर्षको विषय चिया बनाएर राख्नु, समुदायलाई सहयोग गर्नु" रहेको छ।चिया उत्पादन र प्रसंस्करण लाखौं परिवारको आजीविकाको मुख्य स्रोत हो।यो उत्सवले चियाको टिकाऊ उपभोग, र व्यापारलाई बढ़ावा दिंदछ र विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरका सरोकारवालाहरूलाई यो सुनिश्चित गर्न अवसर प्रदान गर्दछ।

**10औं उत्तर बंगाल कराते च्याम्पियनशीप**

दिल्ली पब्लिक स्कूल, सिलगढीमा सम्पन्न भएको 10औं उत्तर बंगाल कराते च्याम्पियनशीप 2026 मा खरसाङबाट 54 जनाको टोलीले भाग लिएका थिए। उक्त टोलीको नेतृत्व मार्टियल आर्ट एण्ड फिटनेस एकादमीका प्राविधिक निर्देशक सेन्सेई राहुल विश्वकर्माले गरेका थिए। माफाको सोनादा, खरसाङ, सिंगेल, रोहिणी र सिक्किम शाखाका विद्यार्थीहरूले च्याम्पियनशीपमा भाग लिए र आफ्ना प्रशिक्षकहरूद्वारा प्रशिक्षित उत्कृस्ट सीप प्रदर्शन गरे, जसको कारण एकेडेमीले पहिलो रनर अप च्याम्पियन्स ट्रफी र दश हजार नगद पुरस्कार जित्न सफल भएको छ।

**संस्कृत भारतीको पहल**

पश्चिम बंगालमा संस्कृत भाषालाई बोलचालको भाषाको रूपमा बढ़ावा दिन 'संस्कृत भारती' संगठनले नया अभियान तिब्र परेको छ । इस अभियान अन्तर्गत 20 घन्टाको प्रशिक्षणमा मानिसहरुलाई संस्कृत बोलन सिखाइदै छ । यसको लागि झन्डै दुइ हजार स्वयंसेवकहरुलाई प्रशिक्षण दिंदैछ ।

**विद्यालयमा पर्यावरण सचेतनामूलक कार्यक्रम**

खरसाङ आदर्श विद्यालको इको क्लबको आयोजनामा विद्यालयमा विभिन्न विद्यालयका विद्यार्थीहरुलाई लिएर पर्यावरण सचेतना कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापक निमा लेप्चाले गर्नु भएको थियो । उक्त पर्यावरण सचेतना कार्यक्रममा रामकृष्ण कन्या उच्चत्तर माध्यमिक विद्यालय, स्कटमिशन उच्चत्तर माध्यमिक विद्यालय, पुष्पारानी रोय मेमोरियल उच्चत्तर माध्यमिक विद्यालय र आदर्श विद्यालको विद्यार्थीहरुले विभिन्न प्रतियोगितामूलक कार्यक्रममा भाग लिएका थिए।

****** ० ******